नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७८/०७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ५७५

मिति:२०७८/६/१९

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

विषय: सामाजिक सुरक्षा भत्ता सम्बन्धमा।

श्री स्थानीय तह सबै।

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता नवीकरण बारे सूचित गराउने उद्देश्यले यस विभागद्धारा तयार गरिएको सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी श्रव्य तथा दृष्य सामग्री विभिन्न सञ्चार माध्यम मार्फत प्रशारण भइरहेको र उक्त विषयमा यस विभागको च.नं. ६१ मिति २०७८/४/३ गतेको पत्र समेत प्रेषित भइसकेको व्यहोरा विदितै छ।

सोही सम्बन्धमा, सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको विवरण लाभग्राही स्वयं उपस्थित भई भाद्र मसान्त भित्र नवीकरण गरिसक्ने व्यवस्था गर्ने गरी पत्राचार भएको भएता पनि गत आर्थिक वर्षसम्म सामाजिक सुरक्षा भत्ता चौमासिक रुपमा निकासा तथा वितरण हुदै आएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१६) को उपनियम (१२) बमोजिम चालु आ.व २०७८/७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नु पर्ने हुँदा चालु आ.व को पहिलो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता असोज मसान्त भित्रै वितरण गर्नुपर्ने अवस्था सृजना भएको छ। यसै सन्दर्भमा, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण गर्ने म्याद प्रत्येक आ.व को श्रावण महिना देखि कार्तिक मसान्तसम्म नै रहेको छ। बजेट त्रैमासिक रुपमा निकासा हुने वर्तमान व्यवस्था भएकोले सकेसम्म चाडै नवीवरण गरी पहिलो त्रैमासिक निकासावाटै सबै लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध हुने अवसर प्रदान गर्न सहजीकरण, सूचना सम्प्रेषण तथा आवश्यक व्यवस्था गर्नुहुन अनुरोध छ।

२०७८/०६/१९

(मेघ राज शंकर)
शाखा अधिकृत